**Sudurpaschim Spectrum**
A Multidisciplinary, Peer Reviewed Journal
ISSN: 3021-9701 (Print)
DOI:
Published by Faculty of Humanities and Social Sciences
Far Western University, Mahendranagar, Nepal

# चरैवेति उपन्यासमा प्रजाति र परिवेश

**विपेन विश्वकर्मा**
निम्स कलेज, कुमारीपाटी ललितपूर ।
Email: aadimabpn@gmail.com

**लेखसार**

प्रस्तुत लेखमा जीवन जीवन्तद्वारा रचित चरैवेति उपन्यासको हिप्पोलाइट एडोल्फ टेनद्वारा प्रतिपादित प्रजाति र परिवेश सिद्धान्तअनुसार विमर्श गरिएको छ । टेनको मान्यता अनुसार चरैवेति उपन्यासमा प्रजाति र परिवेशको प्रयोग के कसरी गरिएको छ भनी अध्ययन गर्नु यस लेखको मूल समस्या र उद्देश्य हो । पुस्तकालयबाट सङ्कलित आधारभूत र सन्दर्भ स्रोत सामग्रीको विमर्श पाठविलेषण विधिबाट गरिएको छ । यसमा टेनले चर्चा गरेको प्रजाति र परिवेशसमबद्ध सिद्धान्तका आधारमा विशलेषणका मानदण्ड तयार पारेर कृतिबाट तथ्यहरू सङ्कलन गरी विश्लेषण गरिएको छ । टेनका अनुसार व्यक्तिका विशेषता, आनुवांशिकता, मानसिक बनावट र शारीरिक संरचना जस्ता पक्षहरू पनि प्रजाति हुन् । परिवेशले उपन्यासमा पात्रहरूको कार्यकलाप हुने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई बुझाउँछ, जसले पाठकलाई बाँध्ने काम गर्छ । मुख्यतः उपन्यसमा ब्राहमण, क्षेत्री, दलित, आदिवासी जनजाति गरी उपन्यासमा तीन प्रजातिका पात्रहरू रहेका छन् । परिवेशको दृष्टिबाट उपन्यासलाई नियाल्दा उपन्यासमा प्राकृतिक र भौगोलिक परिवेश, धार्मिक, सामाजिक तथा सांस्कृतिक परिवेश, राजनीतिक परिवेश, आर्थिक परिवेश, ऐतिहासिक परिवेश र वैज्ञानिक तथा समसामयिक परिवेशको चित्रण गरिएको छ । उपन्यासमा प्रजातिगत पहिचान, सामाजिक पृष्ठभूमि र मानसिक संरचनाको यथोचित प्रयोग गरिनुका साथै लेखकीय प्रजातिगत गुण र ऊ बाँचेको समाजको प्रतिबिम्बन कृतिमा झल्किएको पाइन्छ । यसर्थ टेनको समाजशास्त्रीय सिद्धान्तका आधारमा प्रजाति र परिवेशको दृष्टिले चरैवेति उपन्यास सशक्त रहेको निष्कर्ष निकालिएको छ ।

***मुख्य शब्दावली :*** प्रजाति, परिवेश, विज्ञान, भौतिकवाद, संस्कृति

## विषय परिचय

प्रस्तुत लेखको मूल विषय पाश्चात्य चिन्तक, समालोचक तथा इतिहासकार हिप्पोलाइट एडोल्फ टेन (सन् १८२८-१८९३) द्वारा प्रतिपादित समाजशास्त्रीय सिद्धान्तमा केन्द्रीत भई चरैवेति (२०८०) उपन्यासको विश्लेषण र मूल्याङ्कन गर्नु रहेको छ । चरैवेति उपन्यास जीवन जीवन्त (२०३७) को पहिलो औपन्यासिक कृति हो । पूर्वी नेपालको पथरी शनिश्चरे-२,

मोरङमा जन्मिएका जीवन जीवन्तद्वारा रचित प्रस्तुत उपन्यासमा नेपालमा इसाई धर्मको बढ्दो प्रभाव; हिन्दू अतिवाद र अहङ्कारवाद; इसाईहरूमाथि राजनीतिक तथा प्रशासनिक धरपकड, दमन र कानूनी प्रतिबन्ध; रोजिरोटीकै निम्ति, जातीय उत्पीडनबाट मुक्ति पाउनका लागि र बाध्यताबस धर्मान्तरण गर्न पुगेका गरिब जनताको दुःख, पीडालाई उपन्यासमा यथार्थ चित्रण गरिएको छ । यस उपन्यासलाई विश्लेषण गर्ने सैद्धान्तिक आधार टेनको प्रजाति, परिवेश र क्षण सिद्धान्तबाट प्रजाति र परिवेशलाई मात्रै लिइएको छ ।

यस उपन्यासलाई लिएर 'दि साइकोलाजिकल ट्रमा कजिङ आइसोलेसन इन जीवन जीवन्तज चरैवेति' शीर्षकमा मनोजकुमार कर्न (सन् २०२४) ले मनोवैज्ञानिक आघातको दृष्टिकोणबाट र विपेन विश्वकर्मा (सन् २०२५) ले युगचेतनाको दृष्टिकोणबाट प्राज्ञिक अध्ययन गरेका छन् । यस्तै अनिता कोइराला (२०८१) ले 'चरैवेति', अरुणबहादुर खत्री (२०८१) ले 'चरैवेति उपन्यास : धर्म परिवर्तनको कथा', सुमन वर्षा (२०८१) ले 'समाप्त नहुने खोजको खोजी', चन्द्रमान श्रेष्ठ (२०८०) ले 'गतिशील ज्ञानको मार्गमा चरैवेति', रेवतीरमण खनाल (२०८१) ले 'धार्मिक अन्धविश्वास चिरेर चरैवेति, महेन्द्र वाग्ले (२०८१) ले 'प्रश्नरूको घेरामा जीवन जीवन्तको चरैवेति उपन्यास', विपेन आदिमा (२०८१) ले 'चरैवेति उपन्यास : पूर्वीय र पाश्चात्य धर्मशास्त्रको भौतिकवादी अध्ययन' र नयनराज पाण्डे, अशोक थापा, सुमन वर्षाको भनाइलाई प्रस्तुत गर्दै हिमाल प्रेस डटकम (२०८१) ले 'जीवन्तको चरैवेति : नेपाली आख्यानमा नयाँ विषय प्रवेश' शीर्षकमा विभिन्न दृष्टिकोणबाट चर्चापरिचर्चा गरेका छन् । यद्यपि टेनको प्रजाति र परिवेशको सिद्धान्तको दृष्टिकोणबाट हालसम्म यस उपन्यासको कुनै अध्ययन/अनुसन्धान भएको छैन । तसर्थ यस उपन्यासमा टेनको सिद्धान्तअनुसार प्रजाति र परिवेशको विश्लेषण गर्नु औचित्यपूर्ण देखिन्छ । साथै टेनको समाजशास्त्रीय मान्यताका आधारमा चरैवेति उपन्यासमा निहित प्रजाति र परिवेशबारे प्राज्ञिक अनुसन्धानलाई अध्ययन गर्न चाहनेहरूका लागि यो लेख महत्त्वपूर्ण छ । उपन्यासमा प्रयुक्त प्रजाति र परिवेशबारे मात्रै अध्ययन, विश्लेषण गर्नु यसको सीमा हो । यस लेखमा चरैवेति उपन्यासमा प्रजाति र परिवेशको के कसरी प्रयोग गरिएको छ भन्ने मूल समस्याको समाधान गर्ने उद्देश्य राखिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा पुस्तकालयबाट स्रोत सामग्री सङ्कलन गरिएको छ । जीवन जीवन्तको चरैवेति उपन्यास र टेनको समाजशास्त्रीय अध्ययनको सैद्धान्तिक मान्यतालाई आधारभूत सामग्री र चरैवेति उपन्यास र टेनको सिद्धान्तबारे चर्चा गरिएका लेख, पुस्तक, पत्रपत्रिकालाई सन्दर्भ सामग्रीका रूपमा उपयोग गरिएको छ । यसमा पाठविलेषण विधिको प्रयोग गरिएको छ । उपन्यासमा रहेको प्रजाति र परिवेशको विमर्श गर्न टेनले चर्चा गरेको प्रजाति र परिवेशसमबद्ध सिद्धान्तका आधारमा विशलेषणका मानदण्ड तयार पारेर कृतिबाट तथ्यहरू सङ्कलन गरी विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

कुनै पनि साहित्य रचनाको लागि समाज अनिवार्य तत्त्व हो । साहित्य र समाज एकआपसमा अन्तर्सम्बन्धित हुन्छन् । साहित्यको समाजशास्त्रको मुख्य उद्देश्य समाजसित साहित्यको सम्बन्धको खोजी गर्नु र त्यसको व्याख्या विश्लेषण गर्नु हो (घिमिरे, २०२२, पृ. १०२) । १८ औं शताब्दीका इटालीका लेखक भिकोले होमरका इलियड र ओडेसी जस्ता महाकाव्य कृतिलाई भौतिक पर्यावरण तथा सामाजिक दृष्टिले व्याख्या विश्लेषण गरेपछि साहित्यलाई समाजसँग जोडेर वा पर्यायका रूपमा व्याख्या विश्लेषण गर्ने कार्यको सुरुआत भएको हो । यसलाई साहित्यको समाजशास्त्रीय अध्ययनको पूर्वचेष्टा

मानिन्छ । समाजशास्त्रका मूल प्रवर्तक कोम्ते भए पनि साहित्यको समाजशास्त्रलाई आधार दिने काम हिपोली तेनले गरेका हुन् (बराल, २०६३, पृ. ६५) । हिप्पोलाइट एडोल्फ टेन (सन् १८२८-१८९३) इतिहासकार, दार्शनिक र समालोचक हुन् । फ्रान्सका दर्पणवादी टेनले हिस्ट्री अफ *इङ्लिस लिट्रेक्चर* (१८६३) पुस्तकमा उनले चरसदेखि सेक्सपियर, मिल्टन, बाइरनसम्मका लेखकहरूलाई तिनका प्रजाति, परिवेश र क्षणको आधारमा व्याख्या गरेका छन् । उनले साहित्य र कलाको उद्भव र विकासमा प्रजाति, युग, परिवेशलाई बढी जोड दिएर साहित्यिक सिद्धान्तको एउटा सुङ्गत रूपरेखा प्रस्तुत गरे (बराल, २०६३, पृ. ६५) । यसर्थ टेनलाई साहित्यको समाजशस्त्रका प्रर्वतक मानिन्छ । संक्षेपमा टेनले प्रजाति, परिवेश र युगको धारणा भौतिक विज्ञान र अध्यात्म विज्ञानका बिचको संश्लेषणका रूपमा देखिन्छ (श्रेष्ठ र अधिकारी, २०७७, पृ.८२) । टेनले साहित्यलाई वैज्ञानिक अध्ययनको विषयका रूपमा प्रस्तुत गर्दै कुनै पनि साहित्यिक कृति एक व्यक्ति विशेषको सिर्जनामात्र नभई सामाजिक, जैविक र ऐतिहासिक कारणहरूको प्रतिफल हो भन्ने मान्यता राखेका छन् ।

## नतिजा र छलफल

प्रजाति, परिवेश र क्षणलाई अन्तरसम्बन्धित गरी साहित्य र समाजको इतिहासप्रक्रियाका आधारमा कृतिको अध्ययन गर्नुपर्ने धारणा टेनको रहेको छ । उनका दृष्टिमा कुनै साहित्यलाई त्यसभित्र रहेको प्रजाति, क्षण तथा युगचेतना र पर्यावरणका दृष्टिले अध्ययन गर्नु नै साहित्यको समाजशास्त्रीय समालोचना पद्धति हो । यी तिनै ओटा तत्वहरूको आपसी अन्तस्सम्बन्ध रहेको हुन्छ (टेन, सन् १८७१, पृ. ११) । साहित्यले तत्कालीन समयको राजनीतिक, आर्थिक सामाजिक तथा सांस्कृतिक परिवेश, मूल्यमान्यता र अवस्थालाई चित्रित गर्नुका साथै लेखक बाँचेको युगको सामाजिक प्रतिबिम्ब झल्काउँछ । अझ साहित्यकारको व्यक्तित्व भन्ने कुरा जाति, देश र कालद्वारा हुन्छ भन्ने हिप्पोलाइट टेनको यागदान पनि यथार्थवादी साहित्य चेतनाका विकासकममा स्मरणीय छ (त्रिपाठी, २०७८, पृ. ४३) । कृतिमा लेखकको जातिगत सामूहिक चेतना, ऊ बाँचेको युगको पम्परा, विचारपद्धति र परिवेश पनि अन्तर्घुलित भई प्रतिबिम्बित हुने हुँदा यिनीहरूलाई अलग्याएर साहित्यको अध्ययन पूर्ण हुँदैन । समाजशास्त्रमा प्रजाति, क्षण र परिवेश मिलेर मानसिक संरचनाको सिर्जना हुन्छ र यसैले नै एउटा दृष्टिकोण निर्माण गर्छ (बराल, २०६३, पृ. ६५) । र लेखकले उक्त दृष्टिकोणबाट साहित्यको निर्माण गर्ने हुँदा यी आसमा जोडिएका हुन्छन् । उनका अनुसार कुनै साहित्यलाई त्यसभित्र रहेको प्रजाति, क्षण र पर्यावरणका दृष्टिले अध्ययन गर्नु नै साहित्यको समाजशास्त्रीय समालोचना पद्धति हो (सिलवाल, सन् २०२१, पृ. २७३) । टेनले प्रतिपादन र विकास गरेका साहित्यको समाजशास्त्रीय अध्ययन पद्धतिका त्रितत्वमध्ये यस अध्ययनको उद्देश्यानुसार प्रजाति र परिवेशसम्बन्धी मान्यतालाई यसरी उल्लेख गरिन्छ :

### १. प्रजाति :

जैविक तत्वमा हुने भिन्नताका कारण मानिसको मस्तिष्क पनि फरक गुणले निर्माण भएको हुन्छ । यसैकारण मान्छेको सोचाइ, बोली, व्यवहार आदिमा फरकपना आउँछ । उक्त जैविक तत्व नै प्रजाति (रेस) हो । टेनले जैविक पक्षमात्रै नभई भाषा, धर्म, सामूहिक मूल्यमान्यता र सांस्कृतिक पक्षलाई पनि प्रजाति नै मानेका छन् । टेनका अनुसार व्यक्तिका विशेषता, आनुवांशिकता, मानसिक बनावट र शारीरिक संरचना जस्ता पक्षहरू पनि जातिअन्तर्गत पर्दछन् ( पाण्डेय, सन् १९८९, पृ. १२४) । साहित्यमा जातिगत प्रभाव प्रत्यक्षरूपमा परेको हुन्छ । यसर्थ साहित्यलाई बुझ्न लेखकले प्रजातिगत विशेषता बोकेको छ भन्ने बुझ्नु आवश्यक हुन्छ । साहित्यको सिर्जनाको मूल शक्ति मानिने प्रतिभा पनि प्रजातिगत आधारमा निर्माण

हुने गर्दछ । त्यसैले समाजपरक समालोचनामा लेखकको जन्म, आदर्श, कृतिमा चित्रित समाज र कृतिले पाठकमा उमारेको सामाजिक प्रभावहरूको विश्लेषण आवश्यक हुन्छ (गौतम, २०५०, पृ. ४८) । अतः टेनको प्रजातिसम्बन्धी मान्यताका आधारमा साहित्यिक कृतिको अध्ययन गर्दा लेखक र कृतिमा निहित पात्रको आनुवांशिक विशेषता, दीर्घकालीन सांस्कृतिक चेतना, लेखकको जातीय पृष्ठभूमि र लेखकमा परेको आफ्नो प्रजातिगत प्रभावको अध्ययन गरिन्छ ।

**२. पर्यावरण/परिवेश**

परिवेश भनेको प्राकृतिक र सामाजिक स्थिति हो । यसले लेखक बाँचेको र कृतिभित्र रहेको युगको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैनिक र भौगोलिक वातावरणलाई बुझाउँछ । उपन्यासमा पात्रहरूको कार्यकलाप हुने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ । पर्यावरण एउटा परिस्थिति पनि हो, जसले पाठकलाई बाँध्ने काम गर्छ । पर्यावरणअन्तर्गत देशकाल र वातावरण पर्दछन् (एटम, २०७९, पृ. ३२-३३) । प्राकृतिक र सामाजिक परिवेश नै स्रष्टाको सिर्जनात्मक क्षमतालाई विकास गर्ने मूल आधार हो । टेनले प्राणीशास्त्र र वनस्पतीशास्त्रका अवधारणालाई आधार बनाएर मान्छे र उसका कृतित्वसँग परिवेशको अन्योन्याश्रित हुन्छ भन्ने कुरा पुष्टि गरेका छन् (श्रेष्ठ र अधिकारी, २०७७, पृ.८०) । लेखक बाँचेको भौगोलिक परिवेश, संस्कार, संस्कृति, वर्ग आदि तत्त्व र त्यसबाट निर्माण हुने उसको चेतको अध्ययन नगरेसम्म साहित्य र साहित्यिकताको अध्ययन पूर्ण हुँदैन । टेनको सिद्धान्तहनुसार परिवेशको अध्ययन गर्दा लेखक बाँचेको युगको परिस्थिति, साहित्यिक कृतिभित्र वर्णित परिस्थिति र पाठकको युगिन परिस्थितिबारे तुलनात्मक अध्ययन गरी उक्त कृतिको मूल्याङ्कन गरिन्छ । यसर्थ भौगोलिक संरचना वा हावापानी मानवजीवन अनुकूल वा प्रतिकूल छ भन्ने कुराले व्यक्तिको जीवनमा प्रत्यक्ष प्रभाव पार्छ । लेखकले आफ्नो जीवन भोगाईलाई नै आफ्नो साहित्यमा अभिव्यक्त गर्ने हुँदा उक्त साहित्यमा पर्यावरणको स्वतः प्रभाव पर्दछ । युरोपको सन्दर्भमा उत्तरमा दुखवाद र दक्षिणमा सुखवादको अभिव्यक्ति साहित्यमा हुने कुराबाट के स्पष्ट हुन्छ भने भौगोलिक संरचना र वातावरणले, साहित्य सिर्जनामा, मान्छेको मानसिकतामा प्रभाव पार्दछ (प्रभात, २०१८, पृ. १२७) । मान्छेमा चेतनाको निर्माण ऊ बाँचेको भूगोल, धार्मिक, संस्कृतिक, प्राकृतिक वातावरणबाट हुने हुँदा साहित्यमा परिवेश/पर्यावरणको प्रभाव रहन्छ भन्ने टेनको मान्यता रहेको छ । अतः टेनका अनुसार प्राकृतिक तथा अप्राकृतिक सबै घटनाको प्रत्यक्ष प्रभाव लेखकको प्रतिभामा पर्दछ । ती सबै घटनाका कारण प्राकृतिक र सामाजिक परिस्थिति नै हुन्छन् ।

**४. चरैवेति उपन्यासमा प्रजाति र परिवेशको विश्लेषण**

प्रस्तुत लेखमा चरैवेति उपन्यासको समाजशास्त्रीय अध्ययनमा प्रजाति र परिवेशलाई अध्ययन ढाँचाको रूपमा प्रस्तुत गरिएको छ । प्रजाति र परिवेशको दृष्टिकोणबाट चरैवेति उपन्यासको विश्लेषण गर्दा उपन्यासकारले चित्रण गरेका तीन भिन्न सांस्कृतिक वृत्त (हिन्दु, किराँत र इसाई) अर्थात् पूर्वीय र पाश्चात्य शास्त्रलाई अवलम्बन गर्ने प्रवृत्तिगत विशेषता भएका पात्रहरूको प्रजातीय विशेषता र तिनको जीवन भोगाइका सापेक्षतामा प्राकृतिक र सामाजिक तथा सांस्कृतिक परिस्थितिको विश्लेषण गरिएको छ । साथै लेखक, कृति र पाठकीय युगको परिवेशलाई पनि अध्ययन गएिको छ ।

**४.१.चरैवेति उपन्यामा प्रजाति प्रयोग**

लेखक र पाठक बाँचेको समाजले कृतिमा चित्रित समाजलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ । कृतिको समाजशास्त्रीय

अध्ययनमा लेखक, कृति र पाठकको अन्तर्सम्बन्धको अध्ययन गरिन्छ । लेखक जीवन श्रेष्ठ, कृतिमा चित्रित उनका हजुर बुबा बाँचेको समाज र म (पाठक) बाँचेको समाज एउटै नेपाली समान हो । जातिगत आधारमा हेर्दा लेखक जनजाति समुदायअन्तर्गत पर्दछन् । "सर्जकका हजुरबुबाको सम्बन्ध इसाई धर्मसँग थियो । प्रतिकूल राजनीतिक परिस्थितिमा उहाँले बाइबल पढ्नुभयो, सङ्घर्ष गर्नुभयो, जेल पर्नुभयो, मुद्दामामिला भयो । तैपनि आजीवन त्यसालाई छाड्नु भएन ।...सर्जकको यसै आग्रहमा बाइबल गाँसिएर चरैवेति बन्न पुग्यो (चरैवेति, २०८०, भूमिका) ।" यसरी उपन्यासकारले आफ्नै पूर्वजका कथालाई आफ्नो सिर्जनशीलता र तथ्यसमेतको प्रयोग गरी कृति निर्माण गरेकाले लेखकको प्रजातिगत गुण र सामाजिक तथा सांस्कृतिक विशेषताको प्रभाव कृतिमा प्रत्यक्ष परेको देखिन्छ ।

नेपालमा जातीय विविधता छ । जातअनुसारको अआफ्नै संस्कृति र परम्परपरा छ । धर्म परिवतर्नको लहड पनि बढ्दो मात्रामा देखिन्छ । यसैको यथार्थ चित्रण उपन्यासमा गरिएको पाइन्छ । यहाँ जातिलाई जनाउने  विविध सन्दर्भहरू आएका छन् । उपन्यासमा पूर्वीय र पाश्चात्य धर्मालम्बी; उनीहरूको शास्त्र, उनीहरूको सामाजिक तथा सांस्कृतिक अवस्था, जीवन दर्शन र अन्तर्द्वन्द्वलाई प्रस्तुत गरिएको छ । ब्राहमण, क्षेत्री, आदिवासी जनजाति अर्थात् किराँती र दलित जाति प्रमुख जातिका रूपमा आएका छन् । जस्तै : 'अकबरे बडीबा गाउँमा झारफुक गर्ने हाम्रो बुबाभन्दा अलि पाका मानिस थिए । हाम्रो मात्र होइन गाउँका जोसुकै बिरामी परे पनि सुरुको इलाज अकबरे बडीबाबाटै हुन्थ्यो । ...मूल बाटोको चौतारो छेउमा मगर्नी ठुल्यामाको खाजा दोकान थियो । अकबरे बडीबा त्यहीं बसेर जाँड खाँदै रहेछन् (पृ. २०) ।' यहाँ मतवाली जातिका पात्र बडीबा र मगर्नी ठुल्यामा आएका छन् । उपन्यासमा म पात्र (छोरा पात्र)  आफ्नी दिदी बिरामी भएपछि झारफुक गर्ने प्रसङ्गमा धामीको खोजीमा यो पात्रहरूसम्म पुगेका छन् । यस प्रसङ्गले बिरामीलाई उपचार गर्ने तत्कालिन सामाजिक विस्वास र परम्परालाई पनि प्रष्ट पारेको छ ।

पूर्वी नेपालको इलाम जिल्लाका विभिन्न भुभाग लिम्बु जातिले राज गर्ने किपट क्षेत्र रहेको कुरालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : "किपट क्षेत्र लिम्बू जातिलाई प्रदान गरिएको भूस्वामित्व भएकाले उनीहरूले निश्चित क्षेत्रहरू बाँडेर शासन चलाउँथे ।... इलाम जिल्लाको तल्लो क्षेत्रमा रहेको चुलाचुली र बाँझो गाउँ पनि लिम्बुजतिको, किपट क्षेत्र थियो । ...वास्तवमा सुब्बा नै त्यस क्षेत्रका राजा थिए (पृ. ७९) ।" यसले लिम्बू जातिको शासन व्यवस्थालाई पनि बुझाएको । लिम्बुहरूले किपट क्षेत्रमा राज्य गरेको राजनैतिक इतिहासलाई समेत उपन्यासमा प्रस्तुत गरिएको छ। अनार्य जातिअन्तर्गत तामाङ जातिको पनि चर्चा गरिएको छ : "विचरा आइते तामाङलाई त सुत्दा लगाएको कपडामा नै समातेर ल्याएको रहेछ, विजोग देखियो । हिजोको देउसीको ह्याङ गएकै थिएन (पृ.४३) ।" यहाँ इसाइ धर्म प्रचार गरी देउसी खेलेको आरोपमा प्रहरी हिरासतमा परेको अनार्य जाति आइते तामाङ्लाई प्रस्तुत गरिएको छ। उपन्यासमा आइते तामाङ साम्लिङे र बुबापात्र गरी तीनै जनालाई आफ्नो हिन्दुधर्म छोडी इसाई धर्म प्रचार गरेको भन्दै पुलिसले तिहारको बेला पक्रेर हिरासतमा राखेको छ। यसै गरी उपन्यासमा दलित जातिका पात्रहरूको प्रयोग सशक्त रुपमा प्रस्तुत गरिएको छ। उनीहरू हिन्दुधर्ममा रहेको छुवाछत र जातीय विभेद खप्न नसकेर धर्म परिवर्तन गरी इसाई धर्मी बन्न पुगेका छन् । जस्तै : "नसुन्ने गरी र रिस उठ्दा सबैजना विश्वकर्मा माहिलालाई कामी माहिला भन्थे (पृ. ९७) ।" "मैले पनि सकेसम्म आफ्नो बचाउ गरिरहें । घिमिरेको जातको विषयलाई अज्ञानताको छाताले छोपिरहेँ । ...उनीहरूको जासुसले भित्रभित्रै घिमिरे कामी जात भएको पत्ता लगाइसकेको रहेछ पृ. १२२) ।" यहाँ दलित पात्रहरू माहिला कामी र घिमिरे थर भएको दलित पात्रको चर्चा गरिएको छ। यिनीहरू दुवै इसाई धर्मालम्बी हुन् । सबै परमेश्वरका जाति एउटै हुन्छन्, यहाँ छुवाछुत विभेद हुँदैन भनेर प्रचार गर्ने पात्र घिमिरे हो । घिमिरे ब्राहमण जातको हो भन्ने लागेर सबैले उसको घरमा चाम्रे भात खाने गरेको तर पछि उसको

जात दलित जातअन्तर्गत पर्ने भएको थाहा पाएपछि अहङ्कारी हिन्दुवादीहरू आक्रोसित भारत भएका छन् । उनीहरू दलित पत्रहरुरूमाथि अमानवीय व्यवहार गर्न उद्दत रहेका छन् । यसरी हाम्रो समाजमा रहेको जातीय विभेद र त्यसले निम्त्याएको समस्यालाई उपन्यासले प्रस्तुत गरेको छ ।

यसै गरी उपन्यासमा हिन्दू आर्य उच्च जातका पात्रहरूलाई पनि सशक्त रूपमा प्रस्तुत गरिएको छ । यिनीहरू हिन्दुधर्म संस्कारलाई सर्वेसर्वा र अरूलाई तुच्छ ठान्ने स्वभावका रहेका छन् । यी पात्रहरू गाउँका ठालु, पण्डित र प्रहरीका भुमिकामा देखिएका छन् : "चौलागाईं जेठाले भन्यो, "त्यो भाग्यो भने अब चाहिँ प्रमाणित भयो (पृ. १२०) ।" प्रस्तुत चौलागाईं जेठा हिन्दु ब्राह्मण जातको पात्र हो । ऊ  इसाई धर्म मान्ने घिमिरे थरको पात्र कथित तल्लो जातको हो भन्ने पुष्टि गर्न चाहन्छ । दाहाल बाजे हिन्दु धर्म मान्ने र इसाई धर्ममान्नेलाई खेदो खन्ने बाहुन जातका पण्डित पात्र हुन् । पण्डित्याइँको कर्मकाण्ड गरेर कमाउ धन्दा गर्ने बाजेको कर्मकाण्ड चौपट होला भन्ने डर उनमा रहेको छ । यसर्थ पनि उनी इसाई धर्मालम्बीमाथि प्रहरी लगाएर सताइरहेका छन् । उपन्यासमा उनको कारण नै घिमिरेको परिवारको बिल्लिबाठ हुन पुगेको छ, अर्थात् उच्च जातीय अहङ्कारले कथित तल्लो जातका परिवारमाथि अत्याचार गरेको छ ।

उपन्यासमा प्रयुक्त मास्टर काइँला नामक पात्र गैर दलित र आर्य जातिको पात्र हो भन्न सकिन्छ किनकि तत्कालीन समयमा दलितहरूलाई र मतवालीहरूलाई मास्टर/गुरु अस्वीकार गरिन्थ्यो । दलितहरूलाई पूर्वीय हिन्दुशास्त्र पढ्ने अवसर दिइदैनथ्यो । मास्टर काइँला पूर्वीय र पाश्चात्य जीवन दर्शन शास्त्रका ज्ञाताका रूपमा प्रस्तुत गरिएको छ । प्रजातिगत आधारमा हेर्दा यस उपन्यासका, पात्रहरू आर्य, अनार्य, हिन्दू, इसाई र किराँत गरी विभिन्न खेमामा बाँडिएका छन् । हिन्दु धर्ममा जातीय विभेद छ अर्थात् जातकै आधारमा ठुलो सानो भनी छुवाछुत र अमानवीय व्यवहार गरिन्छ तसर्थ यस पीडाबाट मुक्त हुन आफ्नो धर्म त्यागेर अन्य धर्म (इसाई) मा लागेको दलित जातिको पात्रहरूका जीवन कथालाई यहाँ प्रस्तुत गरिएको छ । यस्तै मुन्धुमशास्त्र मान्ने आदिवासी जनजातिहरू पनि केही अर्थोपार्जन गरी घरपरिवार सहज चलाउन सकिने लोभमा परी धर्म परिवर्तन गरेको कुरा उपन्यासमा अभिव्यक्त छ । यस्तै हिन्दुधर्मी कथित उच्चजातका व्यक्तिहरू आफ्नो परिवार र समाजमा वैमनस्यता/दरार उत्पन्न भएपछि अनि सरकारी तहबाट पनि झुटा आरोप लगाएर दमन गरेपछि बाध्यताबस धर्म परिवर्तन गर्न पुगेको देखाइएको छ, जुन नेपाली समाजको यथार्थ हो ।

### ४.३ चरैवेति उपन्यासमा परिवेश प्रयोग

साहित्यिक कृतिमा प्रस्तुत क्षणमा कृतिकार बाँचेको भूगोल, युग चेतना, आर्थिक, राजनैतिक, सामाजिक तथा सांस्कृतिक स्थिति पर्यावरणसँग जोडिएर आउँछ । उपन्यासमा हुने कार्यव्यापारले पाठकमा छोड्ने प्रभावलाई वातावरण भनिन्छ (एटम, २०७९, पृ. ३३) । चरैवेति उपन्यासको परिवेशमा पूर्वी नेपालका पहाड र तराईका जिल्ला र ग्रामीण परिवेशमा बसोबास गर्ने आदिबासी, जनजाति, ब्राह्मण, क्षेत्री, दलित, महिला आदिको जीवन स्थितिलाई प्रस्तुत गरिएको छ । उपन्यासमा प्रयुक्त पात्रहरूको दैनिक कार्यव्यवहार, जीवनशैली र वरिपरीको परिस्थिति आदिलाई आधारबनाई यस उपन्यासमा प्रयुक्त परिवेश पहिचान गर्न सकिन्छ । जसलाई निम्नानुसार चर्चा गरिएको छ :

(क) प्राकृतिक र भौगोलिक परिवेश

प्रकृतिक परिवेशले हाम्रो वरिपरीको वातावरण, हिमाल, पहाड, खोलानाला, वनजङ्गल, ढुङ्गामाटो आदिबाट सिर्जित

वस्तुस्थितिलाई बुझाउँछ भने भौगोलिक परिवेश भन्नाले देशकाल विशेषालाई बुझाउँछ। देशकालको खास अर्थ कार्यव्यापार, त्यसको स्थान र समय हो (एटम, २०७९, पृ. ३३) । चेरैवेति उपन्यासमा प्रस्तुत प्राकृतिक र भौगोलिक परिवेशलाई यसरी प्रस्तुत गरिएको छ :

> पहाडको पुख्यौली थलो छाडेर मधेस झर्दै थियौँ हामी । महाभारतको उच्च शिखर मिक्लाजुङको डाँडा उक्लेर शिवालिक चुरे पर्वतको अन्त्य तिर आइपुगेको थियो हाम्रो यात्रा । अनकन्टार जङ्गलको निरन्तर भिरालो यात्रामा तराइका समथर दृश्यहरू झल्याकझुलुक देखिन थालेका थिए ।...हिउँदको खोला धेरै पानी त थिएन तर पनि पहाडको ओरालो जमिनबाट झरेको फूर्ती घटेको थिएन । (पृ.१२) ।

यहाँ नेपालको पूर्वी पहाड र तराइको प्राकृतिक र भौगोलिक परिवेश प्रस्तुत गरिएको छ । यहाँ शिवालिक चुरेपर्वत, मिक्लाजुङ क्षेत्र, तराइका सम्मफाँट, जङ्गल, खोला जस्ता प्राकृतिक छटा र भुगोल समेटिएको छ । उपन्यासकार पूर्वी नेपालको पथरी शनिश्चरे - २, मोरङमा जन्मिएर हुर्केको हुँदा उनले आफ्ना कथा भन्न उपन्यासको भौगोलिक आधार क्षेत्र तिनै आसपासका भूगोललाई चयन गरेको देखिन्छ ।

(ख) धार्मिक, सामाजिक तथा सांस्कृतिक परिवेश

नेपाल बहुधार्मिक, सामाजिक तथा सांस्कृतिक विविधता भएको देश हो । यहाँ जात, धर्म आदिका आधारमा सांस्कृतिक भिन्नता पाइन्छ। ती विविधताले छुट्टै परिस्थितिको सिर्जना गरेको हुन्छ। जसलाई उपन्यासमा यसरी चित्रण गरिएको छ :

> कान्छाकाका कूलका ठुलो धामी हुनुहुन्थ्यो। आँगनमा केराको थाम चारैतिर गाडेर बनाइएको थानमा छिन्द्रिङ... छिन्द्रिङ बज्ने खुजमुज्ज परेको मैलो जामा लगाई काका ढ्याङ्ग्रो लिएर उभिनुभयो। पल्लो घरको कोलभटे काका धुपौरोमा कोइला सल्काउन थाल्नु भयो । आमाले दिदीलाई लिएर थानको अर्को छेउमा राख्नुभयो तर दिदी बस्न सकिनन्, आमाले काखमा ढल्काउनुभयो । बिस्तारै ढ्याङ्ग्रो बजाउँदै कान्छा काकाले उपचार सुरू गर्नुभयो । एकछिनपछि माहिला काकाले कालो सिउर र काले खुट्टा भएको भाले काट्नु भयो र रगत थानमा चढाउनु भयो । (पृ. २५) ।

यहाँ हिन्दुधर्ममा विश्वास गर्नेहरूले बिरामीलाई उपचार गर्ने पद्धतियुक्त परिवेश प्रस्तुत गरिएको छ। म पात्रकी दिदी बिरामी हुँदा अस्पताल नलगेर हिन्दु अन्धभक्तिको मार्ग अपनाई झारफूकमा विस्वास गरी उपचार गरेको परिवेश उपन्यासमा आएको छ। यद्यपि पछि दिदीपात्रको मृत्यु हुन्छ। यसरी उपन्यासकारले अन्धभक्तिमा रुमलिँदा मानिसको ज्यानै जानसक्ने हुनाले धार्मिक अन्धताबाट मुक्त हुनुपर्ने सन्देश पनि दिएका छन्। यस्तै उपन्यासमा किराँतहरूको धार्मिक तथा सांस्कृतिक परिवेशलाई यसरी प्रस्तुत गरिएको छ :

> शिरमा प्वाँख सिउरेको फेटा, जिउमा खिन्द्रिङ खिन्द्रिङ बज्ने घन्टीहरू भएका कपडा लगाएका विजुवा ढ्याङ्ग्रो उठाएर धेरैबेर काँम्दै रोगको निदानको उपाय गर्न थाल्यो । उसले कसैसँग नबुझ्ने भाषामा भूतसँग वादविवाद गर्यो ।...विजुवाले जोड जोडले ढ्याङ्ग्रो ठटाएर मन्त्र फलाक्न थाल्यो । दुना नै उठाएर कोइलामा खन्यायो । सालधुपको धुवाँले वातावरणमा शक्ति सञ्चार भयो । (पृ.९२-९३) ।

माथिको साक्ष्यमा उपन्यासको सहायक पात्र ठुले राईले वर्णन गरेको कथामा किराँत धर्मालम्बीले अपनाएको उपचार पद्धती र वातावरण प्रस्तुत गरिएको छ । किराँतीहरूको धामीलाई बिजुवा भनिन्छ । उसले बिरामीलाई तन्त्रमन्त्रको साथमा उपचार गरेर निको गर्ने गर्छ भन्ने जनविस्वास किराँतीहरूले गर्दछन् ।

चरैवेति उपन्यासमा इसाईहरूको धार्मिक तथा सांस्कृतिक परिवेशलाई पनि प्रस्तुत गरिएको छ । जस्तै :

> घिमिरे भाइले परमेश्वरको प्रार्थना गर्न अनुरोध गरे । हामी सबैले उनले भनेअनुसार उच्चारण गरेर परमेश्वरको प्रार्थना गर्नथाल्यौं : "हे! परमप्रभु, तपाईका विधिहरू पालन गर्न मलाई सिकाउनुहोस्, म अन्त्यसम्म तिनको पालन गर्नेछु । मलाई सम्झिने शक्ति दिनुहोस् ।
>
> ...ॅआमेन" त्यसपछि येशुको सुसमाचार वाचन आरम्भ भयो । (पृ. ११२) ।

प्रस्तुत साक्ष्यमा इसाई धर्ममा गरिने धार्मिक तथा सांस्कृतिक विधिलाई प्रस्तुत गरिएको छ । घिमिरे थरको इसाई पात्रले बुबा पात्रलाई आफ्ना दुःख कष्टलाई परमेश्वरमाथि प्रार्थनाद्वारा पुकारा गरी समन गर्न प्रार्थनाको अगुवायी गरेर सहायता गरेको छ । परमेश्वरको नाउँ पुकारेर प्रार्थना गर्दा परमेश्वरले विश्वासीका दुःख पीडा नाश गर्ने र चङ्गाई दिने इसाईहरूको धार्मिक मान्यता छ । यस्तै पवित्र बाइबलबाट येशुको सुसमाचार सुन्ने र सुनाउने परम्परालाई पनि यस उपन्यांशमा प्रस्तुत गरिएको छ ।

नेपालमा छुवाछुतजन्य जातव्यवस्था छ । दलितहरू अझै पनि मान्छे भएर मान्छेले झैँ बाँच्न पाइरहेका छैनन् । समाजमा देखिएको पछौटेपन, अन्धविश्वास शिक्षा, स्वास्थ्य, अर्थ आदिका प्रलोभनले पनि धेरै व्यक्तिहरूले आफ्नो धर्म, संस्कृति, परम्परालाई त्याग गरिरहेको अवस्था पनि वर्तमानको यथार्थ हो (वाग्ले २०८१, जेठ १२, शिलापत्र डटकम) । तसर्थ जातीय उत्पीडनबाट मुक्त हुने चाहनामा धर्म परिवर्तनको बाटोमा धकेलिन पुगेका छन् भन्ने विषयलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> कसैले केही भन्लान कि भन्ने डर थियो किनभने हाम्रो लुगाकपडा हेरेर नै हाम्रो जात थाहा पाउन सक्थे । तर सबैजनाले आत्मीय भावले स्वागत गरे । पाष्टरले अँगालो हालेर सजाइएको मञ्चसम्म पुर्‍याए । हामी असाध्यै अफ्ठ्यारो मानिरहेका थियौं । सबैको ध्यान हामीतिर थियो । तर त्यहाँ हाम्रो परिचय गराइयो तर हाम्रो जातको वास्ता गरिएन । हामीलाई नयाँ विश्वासीका रूपमा सबैले सद्भावपूर्ण व्यवहार गरे । (पृ.१३५) ।

माथिको साक्ष्यमा प्रस्तुत गरिएको उपन्यांश उपन्यासको पात्र सोम मिजारको अनुभूति हो । यहाँ इसाई धर्मालम्बीहरुको पवित्र स्थान चर्चको परिवेश प्रस्तुत गरिएको छ । यहाँ चर्चका पाष्टरले त्यहाँ विस्वासी बन्न आउने व्यक्तिहरूलाई सद्भावपूर्ण व्यवहार गर्ने गरेको, जातको आधारमा भिन्न दृष्टि नराखी समान व्यवहार गर्ने गरेको स्थिति प्रस्तुत गरिएको छ । साथै उपन्यासमा प्रस्तुत येशु र बाइबलका कथाहरूले इसाई धर्मालम्बीहरूको चालचलन, रीतिथिति, प्रार्थना, सङ्गती आदि बारे बताउँछ, यसर्थ उपन्यासमा इसाई समाज/धर्मको धार्मिक तथा सांस्कृतिक परिवेश प्रस्ट रूपमा झल्किएको देखिन्छ ।

(ग) राजनीतिक परिवेश

चरैवेति उपन्यासमा पञ्चायतकालीन राजनीतिक परिवेशको चर्चा गरिएको छ। पञ्चायती शासनकालको समय सन्दर्भमा इसाई बन्नुको कठिन परिस्थितिलाई उपन्यासले दर्शाउँछ (खत्री, २०८१, असार१, रातोपाटी डटकम)। जस्तै : "चर्चमा धेरै लामो कार्यक्रम गर्न प्रशासनिक डर थियो" (पृ. १३१)। यहाँ इसाईहरूले आफ्नो पवित्र धर्मस्थल चर्चमा धार्मिक अनुष्ठानको कार्य गर्नसमेत डराउनु परेको अवस्था प्रस्तुत गरिएको छ। त्यस्तै प्रहरीहरूको हवल्दार अलि परबाट आउँदै रहेछ। उसले कराएर भन्यो, "यो बाइवलेलाई समातेर यता ले" (पृ.९६)। यस प्रसङगले तत्कालीन समयमा राज्य तहबारै इसाइहरूमाथि ज्यादती गरिएको परिवेशलाई स्पष्ट पारेको छ। उपन्यासको बुबा पात्रलाई प्रहरी प्रशासनले बाइबलेको आरोप लगाएर धरपकड गरेको परिवेश प्रस्तुत गरिएको छ। आफूलाई मन नपरेको मान्छेलाई झुटा आरोप लगाएर फसाउने निकृष्ट कार्य आजको समाजमा पनि उत्तिकै देखिन्छ। अर्को उदहरण हेरौँ : "अन्त्यमा हामीले आफ्नो धर्मलाई त्यागेर कानुनले बर्जित गरेको धर्म लिएको, अरूलाई पनि त्यसो गर्न प्रेरित गरेको परम्परादेखि चलिआएको संस्कार र संस्कृतिलाई विगारी गैरकानुनी धर्मको प्रचार गरेकाले परम्परागत धर्म र संस्कृतिको साथै कानुनको पनि अवहेलना गरिएको आरोप लगाइयो" (पृ. १५२)। यहाँ इसाई धर्मलाई नेपालमा कानुनी रूपमा नै वर्जित गरेको र उक्त धर्म प्रचार र अवलम्बन गरी संस्कृति बिगारेको, कानुनको अपहेलना गरेको जस्ता मिथ्या आरोप लगाएर पुलिस प्रशासनले दुख दइएको छ। रमाइलोका लागि परमेश्वर भन्दै देउसी खेलेका बुबा, आइते लगायतका गरिब, निमुखा पात्रहरूलाई दुख दिएको, झुटा मुद्दामा फसाई ज्यादती गरेको परिवेश यहाँ आएको छ।

(घ) आर्थिक परिवेश

आर्थिक समस्या नेपालको मूल समस्या हो। चरैवेति उपन्यासले आर्थिक अभावका कारण उत्पन्न विषम परिस्थितिको चित्रण गरेको छ। जस्तै : "बुबाको दाहिने खोकिलामा मैलो तन्नाको कुम्लो झुन्डिएको थियो। त्यस कुम्लोभित्र भोलिको आवश्यकता मात्र थिएन। हिजोका दुःख पीडाहरू गुरमुटिएका थिए" (पृ.११)। यहाँ बुबा पात्रले लगाएको मैलो इस्टको र उसले बोकेको मैलो कुम्लो/पोकोबाट उनीहरूको आर्थिक अवस्था निम्न स्तरको भएको बुझ्न सकिन्छ। "हामी जङ्गलका झाडी फाँडेर बनाइएको सानो छाप्रोमा बसेका थियौं। तराई झरेको मेरो उमङ्ग जताततै रूख र झाडी बिच कता हरायो कता" (पृ.४२) भन्ने घटना र परिवेशले पहाडमा धेरै दुःख गर्दा पनि बिहान बेलुका छाक टार्न धौ धौ भएपछि तराईमा झरेर जङ्गल फाँडी खेती गरी टन्न खाने धोको लिएर बुबा पात्र आफ्नो परिवारसहित तराईमा बसाई सरेको र। स्याउलाले बारेर बनाइएको छाप्रोमा बसी रातदिन नभनी दुःख गर्न विवश भएको स्थितिलाई बुझाएको छ। यसै गरी चरैवेति उपन्यासले आर्थिक प्रलोभनका कारण धर्म परिवर्तनमा लाग्ने गरेको तितो यथार्थलाई प्रस्तुत गरेको छ। जस्तै : " खानलाग्दा उसले भन्यो,"त्यसै भनिएको हो त दाजु ! हामीले खानका लागि चिन्तै गर्नु पर्दैन भनेर। हाम्रा लागि परमेश्वरले आफैं खाना पुर्याइदिनुहुन्छ। ई ! आज मैले सोचेकै थिइनँ। उहाँले मेरो अगाडी खाना राखिदिइसक्नु भयो" (पृ. १०७)। यो उपन्यासको पात्र ठूले राईको अभिव्यक्ति हो। ऊ त्यस दिन पनि खाना खान नपाइने हो कि भन्ने चिन्तामा रहेको र बुबा पात्रको घरमा खाना खान पाउँदा ईश्वरको क्रिपाले खान पाएको भन्ने सम्झिनपुगेको अवस्थाले मानिसहरू आर्थिक अवस्था राम्रो नभएर बिहान बेलुकाको छाक टार्नकै लागि पनि धर्म परिवर्तनको बाटोमा पुगेको परिस्थितिलाई दर्शाएको छ ।

(ङ) ऐतिहासिक परिवेश

उपन्यासमा इतिहासका घटना, वस्तु वा तत्कालीन अवस्थालाई प्रस्तुत गरिएको छ। पूर्वीनेपालको ऐतिहासिक विषयलाई

बुझ्न यस उपन्यासले सघाउ पुर्याउँछ । उपन्यासमा प्रस्तुत ऐतिहासिक परिवेश यस्तो छ :

> पृथ्वीनारायण शाहपछि अन्य राजाहरूले पनि यसलाई (किपट क्षेत्र) विभिन्न समयमा लालमोहोर लगाएर सदर गर्दै ल्याएका थिए । जङ्गबहादुर राणाले पनि आफ्नो शासन व्यवस्थालाई टिकाइराख्न यस व्यवस्थालाई चलाएका थिएनन् तर राणा शासनको अन्त्य तिर राणाहरूले यस किपट क्षेत्रको समस्या समाधानको लागि उचित कदम नचालेका कारण यहाँ राणा विरोधी भावना बढ्यो (पृ. ७९) ।

यहाँ पूर्वी नेपालको किपट क्षेत्रमा लिम्बुरूहको छुट्टै अधिपत्य रहेको र त्यसलाई पृथ्वीनारायण शाहले समेत लालमोहर लगाएर नचलाई राखेको प्रसङ्ग आएको छ । जङ्गबहादुर राणाले पनि आफ्नो शासन टिकाइ राख्न किपट क्षेत्रलाई नचलाएको तर पछि राणाहरूले किपट क्षेत्रको समस्या समाधानमा उचित कदम नचालेपछि किपट क्षेत्रका राई लिम्बुहरूमा राणाविरोधी भावना बढेर राणाहरूको शासन अन्त्य गर्नसमेत भूमिका खेलेको इतिहासलाई प्रस्तुत गरिएको छ । त्यस्तै " हामीले पनि झण्डै सात बिघा जति जमिन ओगटेका रहेछौं । हामीले जङ्गल फाँडेर खेतबारी बनाएको त्यो जमिन निकै राम्रो थियो ।...तर तीमध्ये झण्डै आधा जमिन आफूले नपाइने भयो" (पृ. ८०) भन्ने सन्दर्भले वि.सं. २०१७ साल अगि जङ्गल फाँडेर जमिन जोड्न पाइने व्यवस्था रहेको कुरा प्रस्तुत गरिएको छ । पछि जङ्गल फाँडेर जमिन जोड्न पाइए तापनि पञ्चायत सरकारले जमिनको हदबन्दी लगाउने व्यवस्था सुरू गरेको ऐतिहासिक परिवेलाई प्रस्तुत गरेको छ ।

(च) वैज्ञानिक तथा समसामयिक परिवेश

आजको युग विज्ञान र प्रविधिको युग हो । विज्ञान र प्रविधि भौतिकवादी मान्यतामा आधारित छ । उपन्यासमा प्रयुक्त वैज्ञानिक तथा समसामयिक परिवेशलाई यसरी प्रस्तुत गरिएको छ : "प्राकृतिक नियमको बोध चाहिँ विज्ञान हो । विज्ञानले प्रकृतिको रहस्यको खोजी गर्छ र त्यसलाई बुझ्न सहयोग पुर्याउँछ । जस्तै : न्यूटनले गुरुत्वाकर्षण शक्तिको खोज गरेर विज्ञानको विकासमा ठुलो योगदान दिए" (पृ.२३३) । यहाँ वैज्ञानिक जीवनदृष्टिको खोज गरिएको छ । न्युटनको वैज्ञानिक खोजले भौतिक विज्ञानमा पुर्याएको योगदानको उदाहरण दिइएको स्थिति छ । यसै गरी "उनीहरूलाई धर्मशास्त्रको अन्धो ज्ञानबाट मुक्त गर्नु थियो । संस्कार र संस्कृतिको जडबाट मुक्त गर्नु थियो अनि सबैलाई अटाउन सक्ने, मानव मात्र होइन समग्र जगतको कल्याण गर्ने अहिलेको यथार्थमा आधारित प्राकृतिक धर्मको खोजी गर्नु थियो" (पृ.२३६) भन्ने प्रसभन्ने प्रसङगले समसामयिक अवस्थामा कुनै पनि मानिस धार्मिकअन्धता र रुढीवादबाट पूर्णत मुक्त भई पर्यावरणको रक्षा गर्ने विज्ञान र प्रविधिको खोज गरी अगिबढ्न जोड दिएको छ । मानवता, मानवको मात्र नभई सारा जगतको नै कल्याण र रक्षार्थ विज्ञान र प्रविधिलाई यथोचित प्रयोग गर्न प्रेरित गरेको छ । यसर्थ वर्तमान परिस्थितिको चित्रण उपन्यासमा रहेको पुष्टि गर्दछ ।

## निष्कर्ष

चरैवेति उपन्यासमा प्रजाति र परिवेशको विमर्श गर्नु यस अध्ययनको विषयक्षेत्र हो । फ्रान्सेली चिन्तक एवम् समालोचक हिप्पोलाईट एडोल्फ टेनले प्रतिपादन गरेका प्रजाति र परिवेशसम्बन्धी मान्यता नै यस अध्ययनको मूल सैद्धान्तिक आधार हो । उपन्यासमा उपन्यासमा पात्रहरूको सामाजिक तथ सांस्कृतिक र पारिवारिक अन्तर्द्वन्द्वलाई प्रस्तुत गरिएको छ । मुख्यतः ब्राहमण, क्षेत्री, दलित, आदिवासी जनजाति गरी उपन्यासमा तीन प्रजातिका पात्रहरू रहेका छन् । ती पात्रहरू

हिन्दू, इसाई र किराँत धर्मलम्बी रहेका छन् । उनीहरूको जीवन भोगाई, भाषिक, सांस्कृतिक जीवन शैली, रहनसहन तथा परम्परालाई समेत जीवन्त रूपमा चित्रण गरिएको छ । साथै उपन्यासमा जातीय र धार्मिक विभेद पारिवारिक बेमेल र त्यसले ती पात्रहरूको दैनिक जीवनमा निम्त्याएका समस्या र तिक्तताहरूलाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ। परिवेशको परिप्रेक्ष्यमा चरैवेति उपन्यासलाई नियाल्दा उपन्यासमा प्राकृतिक र भौगोलिक परिवेश, धार्मिक, सामाजिक तथा सांस्कृतिक परिवेश, राजनीतिक परिवेश, आर्थिक परिवेश, ऐतिहासिक परिवेश र वैज्ञानिक तथा समसामयिक परिवेश गरी मूलतः ६ किसिमका परिवेशलाई सशक्त रूपमा प्रस्तुत गरिएको पाइन्छ। लेखक, पाठक र कृतिमा चित्रित समाजलाई हेर्दा उपन्यसमा लेखकीय प्रजातिगत गुण र लेखक बाँचेको समाजको प्रतिबिम्बन पाइन्छ । पञ्चायतकालीन घटना र परिवेशमा आधारित भई उपन्यास लेखिएको भए तापनि आजको पाठक बाँचेको समाजलाई यसले समेटेको छ। यसर्थ जीवन जीवन्तले चरैवेति उपन्यसमा लेखक, कृति र पाठकको सम्बन्धलाई साम्ररी जोढेको देखिन्छ। अतः टेनको समाजशास्त्रीय सिद्धान्तका आधारमा चरैवेति उपन्यासमा प्रजाति र परिवेशको विमर्श गर्दा प्रजातीगत पहिचान, सामाजिक पृष्ठभूमि र मानसिक संरचनाको यथोचित प्रयोगले उक्त कृति सशक्त रहेको छ।

### सन्दर्भ सामग्री

आदिमा, विपेन (२०८१). चरैवेति उपन्यास : पूर्वीय र पाश्चात्य धर्मशास्त्रको भौतिकवादी अध्ययन. sahitypost.com, श्रावण १६ ।

कर्ण, मनोजकुमार ९सन् २०२४०। The Psychological trauma causing isolation in Jeevan Jeevant's Cha raiveti. Journal of Population and Development, June, Pp. 52-58.

कोइराला, अनिता (२०८१). चरैवेति. आरब्धा, १ (४), पृ. ७४-७७ ।

खत्री, अरुणबहादुर (२०८१). चरैवेति उपन्यास : धर्म परिवर्तनको कथा. ratopati.com, असार १ ।

खनाल, रेवतीरमण (२०८१). धार्मिक अन्धविश्वास चिरेर चरैवेति. kayakairan.com, असार ५ ।

गौतम, कृष्ण (२०५०). आधुनिक आलोचना : अनेक रूप अनेक पठन. काठमाडौं : साझा प्रकाशन ।

घिमिरे, मुकुन्द (सन् २०२२), साहित्यिक समाजशास्त्रीय अध्ययन पद्धति : सैद्धान्तिक परिचचर्चा. Koshi Pravash, 1(1), PP. 101-110.

जीवन जीवन्त (२०८०).चरैवेति. पेज टर्नर प्रा.लि.: बगबजार काठमाडौं ।

टेन, हिप्पोलाइट एडोल्फ (सन् १८७१) हिस्ट्री अफ इङ्लिस लिटरेचर. (अनु. भी. हाङ लाउन). भोलम १. न्युयोर्क : विलियम्स एच. एल. टिडी. ।

त्रिपाठी, वासुदेव (२०७८). पाश्चात्य समालोचनाको सैद्धानितक परम्परा, भाग २, (छैटौं संस्क.), ललितपुर : साझा प्रकाशन ।

थपलिया, खेम (२०७५). मार्क्सवादी समालोचना सिर्जना र सङ्घर्ष. काठमाडौं : अर्को मोर्चा ।

दाहाल, खेमनाथ (२०५८). आधुनिक नेपाली उपन्यासको समाजशास्त्र. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुर ।

पाण्डेय, मैनेजर (सन् १९८९). साहित्यके समाजशास्त्र की भूमिका. चण्डीगढ : हरियाणा साहित्य अकादमी ।

प्रभात, रमेश (सन् २०१८). नथिया उपन्यासमा जाति, क्षण र वातावरण. BMC Journal of Scientific Research, Pp. 125-133.

बराल, ऋषिराज (२०६३). उपन्यासको सौन्दर्यशास्त्र. (दोस्रो संस्क.), ललितपर : साझा प्रकाशन ।

वाग्ले, महेन्द्र (२०८१). प्रश्नरूको घेरामा जीवन जीवन्तको चरैवेति उपन्यास. shilapatra.com, जेठ १२ ।

विश्वकर्मा, विपेन (सन् २०२५). चरैवेति उपन्यासमा युगचेतना. COGNATION A Peer Reviewed Transdisciplinary Research Journal, 7(1), Pp. 256-263.

सिलवाल, हरिप्रसाद (सन् २०२१). सुम्निमा उपन्यासको समाजशास्त्र. Humanities and Social Sciences Journal, 13(1), Pp. 271–285=

सुमन वर्षा (२०८१). समाप्त नहुने खोजको खोजी. annapurnapost.com, मङ्सिर ८ ।

शर्मा, विन्दु (सन् २०१८). उलार उपन्यासको समाजपक समालोचना. समकालिन साहित्य पत्रिका अनलाइन संस्करण ।

श्रेष्ठ, चन्द्रमान (२०८०). गतिशील ज्ञानको मार्गमा चरैवेति. jhannaya.nayapatrikadaily.com, चैत्र २४ ।

श्रेष्ठ दयाराम र बालाकृष्ण अधिकारी (२०६५). साहित्यको इतिहास. तेस्रो संस्क. पुल्चोक : साझा प्रकाशन ।

हिमाल प्रेस  (२०८१). जीवन्तको चरैवेति : नेपाली आख्यानमा नयाँ विषय प्रवेश. himalpress.com, बैशाख ९ ।